परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक
वर्ष : ४ अंक : १५८ पृष्ठ ४ २०८२ चैत्र १६ गते सोमवार 30 March, 2025 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# प्रदेशलाई अधिकार सम्पन्न र संघीयता बलियो बनाउने अपेक्षा



मधेश प्रदेश सभा सदस्यहरूले प्रदेशलाई अधिकार सम्पन्न र बलियो संघीयता निर्माण गर्न नवगठित सरकारसँग उच्च अपेक्षा व्यक्त गरेका छन् ।

मधेश प्रदेश सभाको आइतबार बसेको छैटौं अधिवेशनको १४औं बैठकमा बोल्दै सांसदहरूले संघीयतालाई संस्थागत गर्दै प्रदेशको अधिकार सुनिश्चित गर्न सबै दल एकजुट हुनुपर्नेमा जोड दिएका हुन् ।

सभाको बैठकमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा एमाले) मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउन वर्तमान सरकारलाई एमालेको साथ रहने बताउँदै प्रतिशोधपूर्ण राजनीति नगर्न र कानुनअनुसार अघि बढ्न सरकारलाई सुझाव समेत दिनुभयो । साथै उहाँले वर्तमान सरकारले मधेशलाई उपेक्षा गरेको आरोप समेत लगाउनुभयो । उहाँले अन्य प्रदेशको तुलनामा मधेशबाट बढी जनमत प्राप्त भएकाले सोहीअनुसार प्राथमिकता दिनुपने बताउनुभयो ।

यस्तै प्रदेश सभा सदस्य जयनुल राईनले प्रदेशलाई अधिकार सम्पन्न बनाउन नयाँ सरकार गम्भीर भएर अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले बहुवर्षीय योजनाहरु अलपत्र परेको उल्लेख गर्दै ती योजनाहरू शीघ्र सम्पन्न गर्न माग समेत गर्नुभयो ।

यस्तै प्रदेश सभा सदस्य चन्दनकुमार सिंहले संघीयतालाई बलियो बनाउँदै प्रदेशको पहिचानलाई स्थायित्व दिनुपर्ने धारणा राख्नुभयो । त्यस्तै प्रदेश सांसद जिवछी कुमारी यादवले दुई तिहाइको सरकार बनेको सन्दर्भ उल्लेख गर्दै मधेशमा दाइजो प्रथाका कारण महिलामाथि हुने हिंसा अन्त्य हुनुपर्ने र महिलाले सुरक्षित अनुभूति गर्न पाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद ललिता दासले नवगठित सरकारले मधेशी दलित समुदायलाई समुचित स्थान दिनुपर्ने बताउनुभयो । उहाँले

## बर्दिबासमा
# दीपक कार्कीको चुनावी माहोल तातिँदै, डा.अग्रवालको समर्थनले थप बल

मिथलेश सिंह




महोत्तरीको बर्दिबासमा आसन्न उद्योग वाणिज्य संघको निर्वाचन नजिकिँदै जाँदा चुनावी माहोल झनै तातेको छ। दीपक कार्कीको उम्मेदवारीले बजार क्षेत्रमा विशेष चर्चा पाएको छ। डा. सुदिर अग्रवालको प्रस्तावकमा अघि बढेका कार्कीको पक्षमा अहिले चौक-चौकमा समर्थकहरूको सक्रियता बढ्दै गएको देखिन्छ।

डा. सुधीर अग्रवाल महोत्तरी चेम्बर अफ कमर्सका संस्थापक अध्यक्ष हुन्। उनी यस क्षेत्रका मात्र नभई देशकै प्रमुख व्यापारिक संघ-संस्थामा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्। साथै, उनी नेपाल सुनचाँदी तथा आभूषण व्यवसायी महासंघका राष्ट्रिय उपाध्यक्षसमेत हुन्। तीनतारे होटल सञ्चालनदेखि ख्यातिप्राप्त सुन व्यवसायीका रूपमा सफल छवि बनाएका अग्रवालको समर्थनले कार्की प्यानललाई थप मजबुत बनाएको बजारमा चर्चा छ। व्यापारी समुदायबीच आफ्नो प्रभाव विस्तार गर्दै आएका कार्कीको नाम अहिले बर्दिबास बजारमा व्यापक रूपमा गुञ्जिरहेको छ। चुनावी सरगर्मी बढेसँगै उम्मेदवारहरूबीच प्रतिस्पर्धा पनि चर्किँदै गएको छ भने कार्कीको टोलीले प्रचार-प्रसारलाई तीव्र बनाएको छ।






पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### महत्वाकांक्षी कार्यसूची, तर कार्यान्वयनमै प्रश्नचिन्ह

बालेन शाह नेतृत्वको सरकारको एक सय कार्यसूची महत्वाकांक्षी र बहुआयामिक देखिए पनि यसको कार्यान्वयन पक्ष अझ स्पष्ट र व्यावहारिक बन्न आवश्यक छ। सुशासन, पारदर्शिता, मितव्ययिता र संघीयताको सुदृढीकरणजस्ता एजेन्डा सकारात्मक छन्, तर यी घोषणाहरू कागजमै सीमित नहोस् भन्ने चुनौती ठूलो छ। विशेषतः आर्थिक सुधार, सार्वजनिक सेवा प्रवाह र आपूर्ति प्रणाली व्यवस्थापनजस्ता क्षेत्रमा ठोस कार्ययोजना र समयसीमा आवश्यक देखिन्छ।

यस कार्यसूचीमा केही बुँदाहरू अत्यन्तै व्यापक र सैद्धान्तिक छन्, जसले कार्यान्वयनको स्पष्ट मार्गचित्र अभाव देखाउँछ। उदाहरणका लागि, "राष्ट्रिय आपूर्ति निगम" स्थापना वा "१० वर्षमा वैदेशिक ऋण शून्य" बनाउने लक्ष्य व्यवहारमा कसरी सम्भव हुन्छ भन्ने स्पष्ट छैन। यस्ता विषयमा प्राविधिक अध्ययन र यथार्थपरक रणनीति अपरिहार्य छ।

अर्कोतर्फ, सल्लाहकार टोली सार्वजनिक गर्ने र नागरिक सहभागिता बढाउने सुझाव सराहनीय छ। यसले सरकारप्रति जनविश्वास बढाउनेछ। समग्रमा, कार्यसूची राम्रो सुरुवात भए पनि 'ह्युमन ब्रेन' को गहिरो विश्लेषण, प्राथमिकता निर्धारण र प्रभावकारी कार्यान्वयन संयन्त्रबिना अपेक्षित परिणाम हासिल गर्न कठिन हुनेछ।

# एसइई परीक्षामा मोबाइल निषेध, फेला परे जफत गरी नष्ट गरिने

● टक नेपाल ।



मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले एसइई परीक्षा विद्यार्थीको भविष्यसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय भएकाले यसको सञ्चालनमा कुनै किसिमको लापरबाही हुन नहुने बताएकी छन् ।

शिक्षा तथा संस्कृति मन्त्रालय मधेस प्रदेशको आयोजनामा आज जनकपुरधाममा विद्यालय शिक्षा परीक्षा एसइई-२०८२ लाई व्यवस्थित, मर्यादित र निष्पक्ष रूपमा सञ्चालन गर्ने उद्देश्यले आयोजित प्रदेशस्तरीय समन्वय बैठकमा मन्त्री तिवारीले परीक्षा शान्त, व्यवस्थित र मर्यादित वातावरणमा सम्पन्न गराउन सबै सम्बन्धित निकायलाई जिम्मेवार र सक्रिय भूमिका निर्वाह गर्न निर्देशन दिइन् ।

मन्त्री तिवारीले परीक्षालाई थप कडाइका साथ सञ्चालन गरिने स्पष्ट पार्दै परीक्षा केन्द्रमा मोबाइल फोन लैजान पूर्ण रूपमा निषेध गरिएको बताइन् । यदि कुनै परीक्षार्थीले मोबाइल साथमा ल्याएको पाइएमा सो मोबाइल जफत गरी नष्ट गरिने उनले बताइन् । उनले विद्यार्थी तथा अभिभावकलाई कुनै पनि प्रकारको लापरबाही नगर्न आग्रह गर्दै नियमको पूर्ण पालना गर्न अपिल गरिन् ।

मन्त्री तिवारीले परीक्षा केन्द्रहरूको सुरक्षा व्यवस्थापन, प्रश्नपत्रको गोपनीयता, नक्कल नियन्त्रण तथा अनुगमनलाई प्रभावकारी बनाउन विशेष जोड दिँदै सम्बन्धित जिल्ला प्रशासन, सुरक्षा निकाय र शिक्षा निकायबीच समन्वय मजबुत बनाउन आग्रह गरिन् ।

बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, मधेस प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक गोविन्द थपलिया, शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त प्रदेश सचिव दिलीपकुमार ठाकुर, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, शिक्षा विकास निर्देशनालय मधेस प्रदेशका निमित्त निर्देशक महेन्द्र महतोलगायतले आ-आफ्नो धारणा राखे ।

त्यसैगरी, राष्ट्रिय परीक्षा बोर्ड जनकपुरका प्रमुख दयाराम राई, शिक्षा विकास समन्वय इकाइ धनुषाका प्रमुख चेतकुमार पोखरेल, सप्तरीका प्रमुख शशिकुमार यादव, सिरहाका प्रमुख दीपकराज कलौनी तथा अन्य सम्बन्धित अधिकारीहरू उपस्थित थिए ।

बैठकले एसइई परीक्षा अवधिभर सुरक्षा व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गने, परीक्षा केन्द्र वरपर निषेधित क्षेत्र कायम गर्ने, अनुगमन टोली परिचालन गर्ने, नकल नियन्त्रणमा कडाइ अपनाउने र परीक्षासम्बन्धी कुनै समस्या आए तत्काल समाधान गर्ने संयन्त्र सक्रिय राख्नेलगायतका निर्णय गरेको छ । प्रदेशभरका सबै जिल्लामा सम्बन्धित निकायबीच समन्वय गरी परीक्षा निष्पक्ष, व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गराउन आवश्यक तयारी तीव्र पारिएको सो मन्त्रालयका उपसचिव उज्ज्वल पोखरेलले बताए ।


## डेंगु (Dengue)



डेंगु भनेको भाईरस ईन्फेक्सन हो । यो एडिज जातको पोथी लामखुट्टेको टोकाईबाट मानिसमा सर्ने रोग हो । एडिज लामखुट्टे भनेको एक प्रजातिको लामखुट्टे हो जुन प्राय: भण्डारण गरेर राखेको सफा पानीमा बस्छ र यसले प्राय: दिनमा टोक्ने गर्छ । यो लामखुट्टेले सफा पानी जमेको स-साना स्थानमा फुल पार्ने गर्दछ । खासगरी वर्षाको पानी जम्ने टिनका डब्बाहरु, रंगका खाली डब्बा, थोत्रा वा पुराना टायर, अलकत्रा वा खाली ड्रमहरु, फुलदानी, गमला, कुलर, पानी ट्याङ्की आदीमा यसले फुल पार्दछ । वर्षात्को महिनासँगै जताततै पानी जम्न थालेपछि यो रोगको प्रकोप हुने गरेको पाइन्छ ।

### डेंगु संक्रमण कसरी हुन्छ ?

यो रोग मानिसबाट मानिसमा सिधै सर्दैन । संक्रमित व्यक्तिलाई यदि कुनै लामखुट्टेले टोक्यो र त्यही लामखुट्टेले अन्य स्वास्थ्य व्यक्तिलाई टोक्यो भने डेंगु सर्छ ।



**लक्षणहरु :**

- उच्च ज्वरो आउनु, टाउको दुख्नु र पेट दुख्नु
- वाकवाकी लाग्नु, - आँखाको गेडी दुख्नु
- जीउ र जोर्नी दुख्नु, उच्च ज्वरो आएको ३/४ दिनपछी रातोरातो बिमिरा आउनु

**बच्ने उपायहरु :**

- पानी जम्ने भाँडा खाली गर्ने
- बट्टा, ड्रम र गाडीको टायर घरको वरिपरी नराख्ने
- पुरा बाहुला भएको वा शरीर ढाक्ने कपडा लगाउने
- सुत्दा झुल प्रयोग गर्ने
- शरीरमा लामखुट्टे भगाउने मलम लगाउने
- घरका झ्याल ढोकामा जाली लगाउने
- घर वरपर सफा सुग्घर राख्ने, खाल्डाखुल्डी पुर्ने

बर्दिवास नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी






# शिक्षामा दलीय हस्तक्षेपमुक्त प्रयास : विद्यार्थी नेताहरूको चर्को आपत्ति

● टक नेपाल



शैक्षिक क्षेत्रलाई दलीय हस्तक्षेपबाट पूर्णतया मुक्त राख्न विद्यालय र विश्वविद्यालयका हाताभित्र रहेका विद्यार्थी सङ्गठन संरचनाहरू हटाउने सरकारको घोषणालाई विद्यार्थी संगठनहरूले 'विचारमाथिको प्रतिबन्ध' भन्दै प्रतिवादको चेतावनी दिएका छन् ।

फागुन १३ गते प्रधानमन्त्री नियुक्त भएका बालेन्द्र (बालेन) शाहको अध्यक्षतामा बसेको पहिलो मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार 'शासकीय सुधारको १०० बुँदे कार्यसूची' मार्फत सरकारले शैक्षिक संस्थामा हुने राजनीतिक हस्तक्षेप मुक्त गर्न विद्यालय र विश्वविद्यालय हाताबाट विद्यार्थी संगठनका संरचना हटाउने घोषणा गरेको थियो ।

सरकारको उक्त घोषणा अनुसार अबको ६० दिनभित्र शिक्षण संस्थाहरूबाट दलीय आधारमा बनेका संगठनका संरचनाहरू हटाइने छ । लामो समयदेखि सरकारी शिक्षण संस्थाहरूमा विद्यार्थी संगठन र निजामती क्षेत्रमा कर्मचारी संगठन हाबी हुँदै आएका छन् ।

विद्यार्थी संगठनका संरचना हटाएर सरकारले विद्यार्थीको हकहित र भावनालाई सही ढङ्गले प्रतिनिधित्व गराउन ९० दिनभित्र 'स्टुडेन्ट काउन्सिल' वा 'भ्वाइस अफ स्टुडेन्ट' जस्ता संयन्त्रहरूको विकास गर्ने जनाएको छ । सरकारको उक्त कदमलाई विद्यार्थी संगठनहरूले भने 'विचारमाथिको प्रतिबन्ध'का रूपमा व्याख्या गरेका छन् ।

एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुका अध्यक्ष दिपकसिंह धामीले सरकारको पछिल्लो निर्णयलाई अधिनायकवादी चरित्रका रुपमा व्याख्या गरे ।

उनले नेपालको राजनीतिक इतिहासमा विद्यार्थी संगठनको आफ्नै पृष्ठभूमि, इतिहास र भूमिका रहेको भन्दै राणा शासनदेखि निर्दलीय पञ्चायती व्यवस्था हटाएर अहिलेको व्यवस्था ल्याउन विद्यार्थी संगठनहरूको महत्त्वपूर्ण भूमिका रहेको बताए ।

'त्यसरी ल्याएको यो व्यवस्थाविरुद्ध फेरि पुरानै तानशाही व्यवस्था ल्याउने वा पञ्चे शैली अपनाउने हो भने लोकतान्त्रिक व्यवस्था हुँदैन,' अध्यक्ष धामीले भने, 'त्यसकारण सरकारको यो निर्णय अधिनायकवादी शैली हो ।'

विद्यार्थी संघ-संगठनलाई विचार राख्न पाउने, संगठित हुन पाउने र अधिकारका लागि बोल्न पाउने अधिकार संविधानमै व्यवस्था भएको भन्दै धामीले नियोजित रूपमा गलत मनसायले विश्वविद्यालय हाताभित्रका संरचना हटाउन लागिएको बताए । 'यस्तो निर्णयले अहिलेको व्यवस्था र देशको परिस्थितिलाई सही दिशामा लैजादैन', धामीले रातोपाटीसँग भने, 'कसैका अधिकार कुण्ठित गर्ने कुरा कार्यान्वयनतर्फ लगियो भने सशक्त प्रतिवाद हुन्छ ।'

उनले सोमबार संयुक्त विद्यार्थी संगठनको बैठक बसेर यसबारे थप निर्णय गर्ने तयारी भइरहेको पनि बताए । 'अहिले हामी आन्तरिक छलफलमा छौँ । निर्वाचित स्वयुवियु लगायतका संस्था खारेज गर्ने वा हटाएर कुनै एम्बेसीका युथ काउन्सिलमात्र चलाउन खोजिए सडक आन्दोलनसम्म गर्न पछि पर्दैनौँ', धामीको भनाइ छ ।

त्यस्तै नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघका अध्यक्ष दुजाङ शेर्पाले वैचारिक आवद्धतामा हुने हस्तक्षेपप्रति आपत्ति रहेको प्रतिक्रिया दिए । 'वैचारिक आवद्धतामा हुने हस्तक्षेपप्रति हाम्रो आपत्ति रहन्छ', शेर्पाले भने, 'अहिलेकै प्रणालीबाट विद्यार्थी संगठनहरूको औचित्य पुष्टि हुँदैन, तर विचारलाई प्रतिबन्ध गर्न खोजिए त्यसको बालेन सरकारले ठुलो मूल्य चुकाउनुपर्छ ।'

अध्यक्ष शेर्पाले नेविसंघले दलका भ्रातृ संगठनहरू स्वायत्त मोडलमा जानुपर्छ भनेर सिनेटबाट निर्णय गरिसकेको र यो मोडलमा अन्य विद्यार्थी संगठनसँग पनि छलफल गरिरहेको बताए । 'तर सरकारले जुन लोकतान्त्रिक अभ्यासमार्फत जसरी बहुमत प्राप्त गरेको छ, यो लोकतान्त्रिक मूल्य-मान्यताको जग बसाल्ने विद्यार्थी संगठनहरूलाई विचारमै प्रतिबन्ध गर्ने प्रयत्न गर्छ भने त्यो सरकारको ठुलो भुल हुनेछ', शेर्पाले भने ।

अनेरास्ववियु(क्रान्तिकारी) का अध्यक्ष विजयप्रकाश सापकोटाले विद्यार्थी संगठन हटाउने सरकारको निर्णय संविधानसम्मत नभएको बताए । 'विद्यार्थीको हक हितका लागि विचार बोक्ने, काम गर्ने स्वतन्त्रता संविधानको मौलिक हक अन्तर्गत नै पर्छ । विद्यार्थीको आन्दोलन मोर्चा फरक हुन्छ । हिजो राजा महेन्द्रले पनि सकेनन्,' सापकोटाले भने, 'काठमाडौँ महानगरपालिकाको मेयर हुँदा अहिलेका प्रधानमन्त्री बालेन शाहले नै निजी कलेजमा अमेरिकी युथ काउन्सिल प्रवेश गराउने काम गरे ।'

सापकोटाले हिजो पञ्चका पालामा जस्तो विद्यार्थी संगठन खारेज गरेर काउन्सिलको व्यवस्था गरे प्रधानमन्त्री बालेन शाहकै लागि प्रतित्युपादक हुने चेतावनी दिए ।

जसपा नेपाल निकट विद्यार्थी संगठनका अध्यक्ष मनिष यादवले वैधानिक रूपमा गठन भएको विद्यार्थी संगठनलाई विघटन गर्ने वा हटाउने अधिकार सरकारसँग नरहेको दाबी गरे । उनले भने, 'यदि विद्यार्थीको संगठन विघटन गर्ने हो वा हटाउने हो भने रास्वपा पनि विघटन हुनुपर्छ । जसरी रास्वपा संविधान अन्तर्गत बनेको हो, त्यसरी नै विद्यार्थी संगठन पनि संविधान अन्तर्गत नै बनेको हो ।'

दुई तिहाइको सरकार हुँदैमा जे मन लाग्यो त्यही गर्न नपाइने उनको भनाइ छ । यसको बारेमा विद्यार्थी संगठनबिच छलफल हुने उनले बताए ।

विद्यार्थीमाथि अन्याय हुँदा आवाज उठाउने विद्यार्थी संगठनलाई हटाउने षड्यन्त्रमा सरकार लागेको भन्दै उनले विद्यार्थीको हक अधिकारका लागि गठन भएको संगठन विघटन गर्ने निर्णय नै अलोकतान्त्रिक रहेको बताए ।

त्यसबाहेक सरकारको सय बुँदे कार्यासूचीमा शिक्षा क्षेत्रको समग्र सुधारका लागि सरकारले स्नातक तहसम्मको अध्ययनमा नागरिकताको अनिवार्यता हटाउने, विश्वविद्यालयका परीक्षाहरूको नतिजा मन्त्रालयले तोकेको क्यालेन्डरअनुसार समयमै सार्वजनिक गर्ने र आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका आन्तरिक परीक्षाहरू बन्द गरी वैकल्पिक मूल्याङ्कन प्रणाली लागु गर्नेजस्ता रणनीतिक योजनाहरू समेत एकसाथ अघि सारेको छ ।

विगत केही वर्ष यता 'शिक्षा क्षेत्रमा राजनीति' हाबी भएको भन्दै चर्को आलोचना हुँदै आएको थियो । विद्यालय र विश्वविद्यालयहरूमा शिक्षक, प्राध्यापक र विद्यार्थीले गर्ने दलगत गतिविधिले अध्ययन/अध्यापनको वातावरण प्रभावित भएको भन्दै दलीय हस्तक्षेप घटाउनुपर्ने आवाज उठेको थियो । यो मुद्दालाई सुरुदेखि नै उठाउँदै आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गत चुनावमा आफ्नो चुनावी घोषणापत्रमै समेटेको थियो । उसले आफ्नो बाचापत्रमा शिक्षा क्षेत्रलाई दलगत राजनीतिबाट मुक्त गर्ने विषय प्राथमिकताका साथ समेटेको थियो ।


## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पविा साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित ि नकायसँग समन्वय गने ।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- ❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- ❖ हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल

मनराशिसवा नगरपालिका, महोत्तरी, मधेश प्रदेश



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टरहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

# शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिबास, महोत्तरी

०४४-५५२५५,९८१२०१८०१०

# आफन्तलाई भ्रमण लगेको आरोपमा वडा कार्यालयमा तालाबन्दी




• टक नेपाल

धनुषाको मिथिला नगरपालिका-५, श्रीपुरस्थित वडा कार्यालयमा स्थानीय बासिन्दाले तालाबन्दी गरेका छन्। वडाका जनप्रतिनिधि र कर्मचारीले बजेट दुरुपयोग गरी धार्मिक तथा पर्यटकीय भ्रमणमा आफ्ना श्रीमती र आफन्तलाई लगेको आरोप लगाउँदै आइतबार स्थानीयले कार्यालयमा तालाबन्दी गरेका हुन्।

स्थानीय गणेश महतोले जनताको काम छाडेर जनप्रतिनिधि र कर्मचारीले आफ्ना आफन्त घुमाउन वडाको बजेट दुरुपयोग गरेको भन्दै कार्यालयमा तालाबन्दी गरिएको जानकारी दिनुभयो। वडाको नियमित सेवा पूर्णरूपमा ठप्प पारिएको र बजेटको दुरुपयोग भएको उहाँले बताउनुभयो। स्थानीयले बजेट खर्चको पारदर्शिता र भ्रमणमा सहभागीको विवरण सार्वजनिक गर्नुपर्ने माग गर्दै स्पष्ट जवाफ र छानबिन नभएसम्म तालाबन्दी जारी राख्ने चेतावनी दिएका छन्।

वडा कार्यालयले चैत १० गते सूचना जारी गर्दै जनप्रतिनिधि र कर्मचारी धार्मिक तथा पर्यटकीय भ्रमणमा जाने भएकाले पाँच दिनका लागि कार्यालय बन्द रहने जनाएको थियो। यता भ्रमणमा रहेका वडाध्यक्ष रामचन्द्र मण्डलले वडाका सबै जनता आफन्त नै भएको र सबै राजनीतिक दलको निर्णय अनुसार भ्रमण गरिएको बताउनुभयो।

# लहान नगरपालिकाका कर्मचारीले चार महिनादेखि तलब पाएनन्

• टक नेपाल




यहाँको लहान नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकहरूको विगत चार महिनादेखि तलब रोकिएको छ । तलब नपाउँदा उनीहरूको दैनिकी चलाउनै समस्या भएको गुनासो गर्न थालेका छन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकाका सम्पूर्ण खाता रोक्का गरिदिएपछि यो समस्या भएको हो । एक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद साहले भने, "मङ्सिरदेखि तलब भत्ता मात्र होइन, पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा र विद्यालय व्यवस्थापन अनुदान रोकिएको छ । तलब नपाउँदा जीविका धान्न, बैंकको ऋणको ब्याज तिर्न समस्या भइरहेको छ ।"

नगरप्रमुख महेशप्रसाद चौधरीले खाता रोक्का हुनुको मुख्य कारण प्रमुख प्रशासकीय अधिकृतको सरुवा विवाद र राजनीतिक पूर्वाग्रह भएको बताए । उनले भने, "यहाँका खाता रोक्का राख्नुपर्ने कुनै कारण छैन तर राजनीतिक पूर्वाग्रह र दबाबले विवाद खडा गराइएको छ । मन्त्रालयले चुनावपछि खाता खोलिदिने आश्वासन दिए पनि हालसम्म सुनुवाइ भएको छैन ।" उनले मन्त्रालयले चाँडै यो समस्या समाधान गरी विकास निर्माणलगायतका काम अगाडि बढाउन आग्रह गरे ।

मन्त्रालयले साबिकका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झालाई सरुवा गरी शिक्षातर्फको उपसचिव खिम भुजेललाई पठाउन खोजेको थियो । नगरपालिकाले भने प्रशासनतर्फको अनुभवी उपसचिव माग गरेको थियो । अर्कोतर्फ, अवकाश हुन छ महिना मात्र बाँकी रहेकाले सरुवा रोक्न माग गर्दै झाले प्रशासकीय अदालतमा मुद्दा दर्ता गरेका थिए । अदालतले गत फागुन ११ गते सरुवालाई यथास्थितिमा राख्न आदेश दिए पनि मन्त्रालयले हालसम्म नगरपालिकाको खाता फुकुवा गरेको छैन ।

कर्मचारीहरूले आइतबार इलाका प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री कार्यालय र मन्त्रालयमा ज्ञापन पत्र बुझाउँदै नयाँ वर्ष २०८३ र सिरुवा पर्वअघि नै तलब भुक्तानी नभए सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

# बालश्रम शोषणको आरोपमा लुम्बिनीकी प्रदेश सांसद रेखा शर्मा पक्राउ

• टक नेपाल

केही वर्षअघि घरबाट बालिका उद्धार गरिएको घटनामा मुछिएकी लुम्बिनी प्रदेशकी सांसद रेखा शर्मा बालश्रम शोषणको आरोपमा पक्राउ परेकी छन् । उनलाई उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले आइतबार राति काठमाडौँको धुम्बाराहीस्थित निवासबाटै पक्राउ गरेको हो ।

एमालेबाट निर्वाचित सांसद शर्मामाथि नाबालिकालाई घरेलु श्रममा लगाएर बालबालिकाविरुद्धको कसुर गरेको गम्भीर आरोप छ । यसअघि काठमाडौँ महानगरपालिकाले उनको घरबाट बालिकाको उद्धार गरेपछि यो विषय चर्चामा आएको थियो ।

प्रहरीले सांसद शर्मालाई पक्राउ गरी बालबालिका सम्बन्धी ऐनअन्तर्गत थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको जनाएको छ ।


## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-

- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश



## जनहितमा जारी

❖ बिना अनुमति बोडिङ नगनुहोस्।
❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या( उँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआंं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖ गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖ अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
❖ पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआंं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआंं।
❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



बर्दिवास नगरपालिका,महोत्तरी


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014